"सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं।"

# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ७ । अंक २७ । २०७६ बैशाख - आषाढ ।

## कोषद्वारा नयाँ ब्याजदर निर्धारण



२०७६ साउन १ देखि लागू हुने गरि कोषले नयाँ ब्याजदर निर्धारण गरेको छ । कोष संचालक समितिको वैठक नं. १५५० मिति २०७६/३/३० को निर्णय अनुसार आर्थिक वर्ष २०७६/७७ को लागि सो ब्याजदर निर्धारण भएको हो ।

जसअनुसार ४० लाखभन्दा बढीको घर सापटी रकम लिएका सञ्चयकर्ताको ब्याजदर ०.२५ प्रतिशतले घटेको छ । संचय कोषको मौज्दातमा दिइएको ८.२५ प्रतिशतमा कुनै परिवर्तन गरिएको छैन । विशेष सापटीमा ९.५० प्रतिशत, ४० लाख सम्मको घर सापटी तथा शैक्षिक सापटी र घर मर्मत सापटीमा ९.७५ प्रतिशत एवं सरल चक्रकर्जामा १०.२५ प्रतिशत ब्याज लिँदै आएकोमा उक्त दर यो वर्ष पनि यथावत हुनेछ ।

यस्तै, संचयकर्ता सापटीको गणना प्रत्येक त्रैमासिकमा गर्ने समेत कोषले स्पष्ट पारेको छ, तर सोको लेखांकन आर्थिक वर्षको अन्त्यमा मात्र गरिनेछ । आर्थिक वर्षको अवधिमा संचयकर्ताबाट असूल भएको सापटी बापतको रकमलाई सावाबाट नै घटे सरह मानी घटाई लेखांकन गर्ने र तदनुरूप ब्याजा गणना गरिने जनाइएको छ ।

| शीर्षक | निर्धारित ब्याजदर |
|---|---|
| संचय कोष मौज्दात | ८.२५ % |
| विशेष सापटी | ९.५० % |
| घर सापटी रु ४० लाख सम्म | ९.७५ % |
| घर सापटी रु ४० लाख भन्दा माथी | १०.०० % |
| संचयकर्ता शैक्षिक सापटी र घर मर्मत सापटी | ९.७५ % |
| सरल चक्र कर्जा | १०.२५ % |
| नेपाल वायुसेवा निगमलाई प्रदान गरेको जमानत कर्जा र चक्र कर्जा | १०.५० % |
| माथिल्लो तामाकोशी लगायतका जलविद्युत आयोजनाहरुको कर्जा (साविकको ऋण संभौता वमोजिमको) | १०.७५ % |
| एकल लगानीका अन्य परियोजना कर्जा | साविक वमोजिम |
| सहवित्तीयकरण अन्तर्गत साविकमा प्रवाह भएको कर्जा | सहवित्तीयकरणको निर्णय वमोजिम |

नयाँ ऋण संभौता वमोजिम प्रवाह हुने सहवित्तीयकरण कर्जा : १०.५० % मा नघट्ने गरी यथासक्य सहभागी बैकहरुको ब्याजदर मा समेत एकरुपता हुने गरी सहवित्तीयकरणको निर्णय अनुरुप ।

नयाँ ऋण संभौता अनुरुप कोष एक्लैले प्रवाह गर्ने परियोजना कर्जा : १०.७५ प्रतिशतमा नघट्ने गरी कर्जा स्वीकृत गर्दा नै निर्धारण गर्ने ।

## वार्षिक कार्यक्रम तथा बजेट : समीक्षा एवं छलफल सम्पन्न

योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभाग तथा आर्थिक प्रशासन विभागको आयोजनामा कोषको आ.व. २०७५/७६ को वार्षिक कार्यक्रम तथा बजेट समीक्षा तथा २०७६/७७ को प्रारम्भिक छलफल कार्यक्रम वुटवलमा सम्पन्न भयो । सो कार्यक्रममा कोषका प्रशासक तुलसी प्रसाद गौतमले नियमित तथा विशेष कार्यक्रमलाई सुव्यवस्थित गर्दै पारदर्शी तथा सबै कर्मचारीले अपनत्व गर्न सक्ने गरी तय गर्न निर्देशन दिनु भयो ।



मिति २०७६ जेष्ठ ३ गते देखि ५ गते सम्म चलेको छलफल कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्ने क्रममा गौतमले कोषको प्रत्येक कार्यक्रमले कार्यरत कर्मचारी तथा सञ्चयकर्तालाई कसरी थप सेवा सुबिधा प्रदान गर्न सकिन्छ भन्ने बारेमा छलफल केन्द्रित गर्न अनुरोध गर्नुभयो । गौतमले कार्यक्रम तथा बजेट तय गर्दा यथार्थपरक, पुर्वाधारका योजना समेत सम्पन्न गर्न सक्ने र सिमित स्रोतको प्रभावकारी उपयोग हुने गरी छलफलका निष्कर्षहरू आउने विश्वास समेत व्यक्त गर्नु भयो ।

कोषका सह-प्रशासक राजेन्द्र काफ्लेले कोषको भावी कार्य दिशा तय गर्ने क्रममा यस कार्यक्रमको आवश्यकता तथा भूमिका स्पष्ट गर्दै कोषको कार्य सञ्चालनमा शाखा कार्यालयहरूको योगदानको तथ्यांक प्रस्तुत गर्नुभयो। समग्रमा कोषको सेवा प्रवाहमा करिब ४० प्रतिशत हिस्सा शाखा कार्यालयहरूले ओगटेको छ। कोषका सह-प्रशासक जितेन्द्र धितालले प्रशासकको नेपाल सरकारसँग भएको सम्झौता र विभाग तथा शाखा कार्यालयको प्रशासकसँग भएको सम्झौताको प्रगतिको समीक्षा, शाखा कार्यालयहरूको अन्य कार्यालयहरूसँगको सम्पर्क, देशको बदलिदो परिस्थिति र विगतका कार्यक्रमहरूमा रहेका कमी कमजोरीलाई मनन गरी वास्तविकतामा आधारित कार्यक्रम तथा बजेट तयार हुनुपर्ने बताउनु भयो ।

त्यसैगरी कोषका विभागीय प्रमुख जीवन कुमार कट्वालले कोषको आ.व. २०७५/७६ को विशेष कार्यक्रमहरूको प्रगति समीक्षा र आगामी आ.व.२०७६/७७ को प्रस्तावित कार्यक्रमहरूको विवरण छलफलका लागि प्रस्तुत गर्नु भयो भने विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारीले कोषको आ.व. २०७५/७६ को बजेट समीक्षा तथा आगामी आ.व. २०७६/७७ को बजेटको प्रारूप प्रस्तुत गर्नुभएको थियो ।

# कोषमा अनलाईन पेमेन्टको शुरुवात



कोषले प्रदान गर्ने कर्जा रकम सोझै सञ्चयकर्ताको खातामा जम्मा हुने व्यवस्था DTA (Direct To Account) भुक्तानी प्रणालीको शुरूवात भएको छ । सञ्चयकर्तालाई सहज र प्रभावकारी ढंगबाट सेवा प्रवाह गर्ने मूल ध्येयका साथ २०७६ श्रावण ६ गतेदेखि डिटिए सेवाको सुरूवात गरेको हो । हाललाई NCHL सँगको समन्वयमा धितोमा आधारित संचयकर्ता कर्जाको भुक्तानी यो प्रणालीबाट गरिने छ ।

अन-लाईन पेमेन्टको थालनी कोषका प्रशासक तुलसीप्रसाद गौतम, एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधान लगायत दुबै संस्थाका प्रतिनिधिहरूको उपस्थितीमा गरिएको थियो । कोषले स्वीकृत भएको धितोमा आधारित कर्जाको भुक्तानी हालको लागि हिमालयन बैंक तथा एनएमबि वैंक मार्फत गरिने भएको छ । संचयकर्ताले कोषमा आफ्नो बैंक खाता अपडेट गराएमा कोषबाट स्वीकृत कर्जा रकम नेपाल क्लियरिङ्ग हाउसमा आवद्ध सदस्य बैंक तथा वित्तिय संस्थाहरूमा रहेको संचयकर्ताको खातामा रकम सोझै जम्मा गरिने छ । यसबाट संचयकर्ताले रकम प्राप्त गर्नका लागि बैंक तथा कोषको कार्यालयमा जानु नपर्ने भएको छ । यसरी जम्मा हुने रकम मध्ये दश लाखसम्मको रकम कनेक्ट आईपीएस मार्फत रियल टाइममा जम्मा हुनेछ भने सोभन्दा माथिको रकम एनसीएचएल-आईपीएस मार्फत सेटल्मेन्ट पश्चात सोहि दिन वा अर्को दिन भुक्तानी गरिने व्यवस्था रहेको छ ।

हालको लागि धितोमा आधारित कर्जामा मात्र लागू भएपनि निकट भविष्यमा अन्य सापटी एवं भुक्तानीलाई पनि अनलाईनबाटै गरिने लक्ष्य राखिएको छ ।

## वार्षिक प्रतिवेदन प्रकाशन

कोषको आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन नेपाल सरकार अर्थ मन्त्रालय समक्ष पेश गरिएको छ । संचालक समितिबाट स्वीकृत भई कर्मचारी संचय कोष ऐन २०१९ को परिच्छेद ४ दफा २२ को प्रयोजनार्थ प्रतिवेदन पेश गरिएको हो । योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागबाट तयार गरिएको उत्त प्रतिवेदनमा कोषको आ.व. २०७४/७५ को समग्र गतिविधि तथा कार्यक्रमहरू समावेश गरिएको छ ।

## कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

# वित्तीय अवस्थाको विवरण

रकम रू लाखमा

| विवरण | २०७५ चैत्र ३० अपरिष्कृत | २०७५ पौष ३० अपरिष्कृत | २०७५ आषाढ ३२ (लेखापरीक्षण सम्पन्न) |
|---|---|---|---|
| **सम्पत्तिहरू** | | | |
| नगद तथा नगद समान | २४,६३९ | ३१,३८६ | ३,५३० |
| बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दात | ७५५,४५९ | ६९७,३२३ | ५४९,७७३ |
| व्यापारिक प्रकृतिका सम्पत्तिहरू | - | - | - |
| सञ्चयकर्तालाई कर्जा तथा सापटी | १,७६५,२४८ | १,७७१,११३ | १,६८२,३१४ |
| परियोजना तथा संगठित संस्थाहरूलाई कर्जा तथा सापटी | ४८६,१५० | ४८२,४८८ | ४५८,९६१ |
| कर्मचारीहरूलाई कर्जा तथा सापटी | १३,२६४ | १३,३३१ | १०,७९६ |
| धितोपत्रहरूमा लगानी | १८८,०३७ | २१४,५४५ | ३८९,२६५ |
| सम्बद्ध कम्पनीहरूमा लगानी | - | - | - |
| सम्पत्तिहरूमा लगानी | ६,९१२ | ६,९४४ | ७,१५९ |
| सम्पत्ति र उपकरण | ४,७४८ | ४,६२१ | ४,५१५ |
| अमुर्त सम्पत्ति | ६६ | ६५ | ५६ |
| अन्य सम्पत्ति | १९,६१२ | १८,०८४ | १३,६८७ |
| **जम्मा सम्पत्ति** | ३,२६४,१३५ | ३,२३९,८९९ | ३,१२०,०५६ |
| **दायित्वहरू** | | | |
| कर्मचारी सुबिधा दायित्व | २०,४५६ | २१,८३२ | २३,०६९ |
| अन्य दायित्व | ११,४६६ | ९,६९७ | ११,४०८ |
| जम्मा दायित्व | ३१,९२१ | ३१,५२९ | ३४,४७७ |
| कोष तथा जगेडा | | | |
| सञ्चय कोष | २,९३८,५८९ | २,९४०,८४५ | २,७८७,५३० |
| निवृतिभरण कोष | - | - | - |
| अन्य कोष | - | - | - |
| जगेडा तथा बचत | २९३,६२५ | २६७,५२६ | २९८,०४९ |
| जम्मा कोष तथा जगेडा | ३,२३२,२१४ | ३,२०८,३७१ | ३,०८५,५८० |
| **जम्मा कोष, जगेडा तथा दायित्व** | ३,२६४,१३५ | ३,२३९,८९९ | ३,१२०,०५६ |

# कोष सञ्चालकमा ढकाल नियुक्त



नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७६/०४/०७ को निर्णय अनुसार कर्मचारी सञ्चय कोष ऐन २०१९ को दफा ४ (२) को खण्ड (ख) बमोजिम नेपाली सेनाको तर्फबाट कोषको सञ्चालकमा सहायक रथी शरद ढकाल मनोनयन हुनु भएको छ ।

# पोखरेल कोष सञ्चालकमा नियुक्त



नेपाल सरकार (माननीय मन्त्रीस्तरीय) को मिति २०७६/०३/२७ को निर्णय अनुसार कर्मचारी संचय कोष ऐन २०१९ को दफा ४(२) खण्ड (ख) बमोजिम नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक महेन्द्र कुमार पोखरेल कोषको संचालक समितिको सदस्यमा नियुक्त हुनु भएको छ । नवनियुक्त संचालकलाई कोष संचालक समितिका अध्यक्ष शिशिर कुमार ढुंगानाबाट स्वागत गरिएको थियो ।

# लेखापरीक्षक नियुक्त

कोषको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १० (१) बमोजिम लेखापरीक्षकहरूको नियुक्ति भएको हो । महालेखा परीक्षकको कार्यालयको मिति २०७६/२/३० को निर्णयानुसार महालेखा परीक्षकको सहायकको रुपमा सिए सुनिर कुमार ढुङ्गेल र सिए महेश खनाल नियुक्त हुनु भएको छ ।

कर्मचारी सञ्चय कोष ऐन २०१९ अनुसार कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था रहेको छ ।

# तालिममा सहभागिता

Asia Pacific Rural and Agricultural Credit Association (APRACA ) Bankok,Thailand / Banking Finance and Insurnace Institute of Nepal Ltd (BFIN,) Kathmandu Nepal को सहकार्यमा २०७६ आषाढ २३ देखी २७ गते सम्म थाइल्याण्डको वैककमा संचालन भएको Leadership Development Programme for Employees Provident Fund विषयक तालिम कार्यक्रममा देहायका २२ जना अधिकृतहरूको सहभागिता रहेको थियो ।

| पद | नामथर |
|---|---|
| प्रवन्धक (सिस्टम) | आदर्श भट्टराई |
| प्रवन्धक (सिस्टम) | कुमारी कन्चन साह |
| का.मु.प्रवन्धक (सिस्टम) | राजु शाही |
| का.मु.प्रवन्धक (सिस्टम) | सन्देश घिमिरे |
| का.मु.प्रवन्धक (सिस्टम) | केरिना श्रेष्ठ |
| सहायक प्रवन्धक | ऋषिराम वुढा |
| सहायक प्रवन्धक | विजय कुमार थापा |
| सहायक प्रवन्धक | दिपक खनाल |
| सहायक प्रवन्धक | राजु श्रेष्ठ |
| सहायक प्रवन्धक | विमला दाहाल |
| सहायक प्रवन्धक (ई) | दधिराज घिमिरे |

| पद | नामथर |
|---|---|
| सहायक प्रवन्धक (ई) | रामहरि गौतम |
| सहायक प्रवन्धक | निर्मला खनाल पौडेल |
| सहायक प्रवन्धक | कृष्णबदन सैजु |
| सहायक प्रवन्धक | महेन्द्रनाथ भट्टराई |
| सहायक प्रवन्धक | राजकुमार लामा |
| सहायक प्रवन्धक | देवी प्रसाद गौतम |
| सहायक प्रवन्धक | कृष्ण प्रसाद अधिकारी |
| सहायक प्रवन्धक | शितल वावु खत्री |
| सहायक प्रवन्धक | लालवहादुर सुनार |
| सहायक प्रवन्धक | शरद कुमार के.सी. |
| सहायक प्रवन्धक | राजन कुमार रायमाझी |



# बैंक रिकन्सिलेशन मस्यौदा कार्यविधिमा छलफल कार्यक्रम

योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागको आयोजना तथा मानव शंसाधन तथा आन्तरिक व्यवस्थापन विभागको समन्वयमा यहि मिति २०७६ साल असार २७ गते कोषको बैंक रिकन्सिलेशन मस्यौदा कार्यविधि २०७६ का सम्वन्धमा कोष कार्यालय पुल्चोकमा एक छलफल कार्यक्रम सम्पन्न भयो । कोषका प्रशासक, सह प्रशासक, मुख्य प्रवन्धक, वरिष्ठ प्रवन्धक तथा प्रवन्धक लगायतका अधिकृतहरूको सहभागिता रहेको सो कार्यक्रममा बैंक रिकन्सिलेशन मस्यौदा कार्यविधि २०७६ सम्वन्धमा छलफल भई त्यसलाइ अन्तिम रूप दिन मस्यौदा कार्यदललाई आवश्यक राय तथा सुझावहरू प्राप्त भएको थियो ।

# मुख्य प्रवन्धकद्वय कार्यक्रममा सहभागी

कोषका मुख्य प्रवन्धकद्वय ओम कृष्ण श्रेष्ठ र विजय कुमार श्रेष्ठ The 6th Annual Training Course on Public Pension in South Asia/ Pacific कार्यक्रममा सहभागी हुनु भएको छ । NPS/OECD Korea द्वारा १७-२२ जुन २०१९ मा दक्षिण कोरियाको सिउलमा कार्यक्रम सम्पन्न भएको थियो । सार्वजनिक पेन्सनको प्रवर्द्धनमा सो तालिम कार्यक्रम केन्द्रित रहेको थियो । सहभागीहरूका अनुसार एशिया प्रशान्त क्षेत्रमा लागु रहेको पेन्सन प्रणाली र यसको आवश्यकता बारे विचार आदान प्रदान गर्ने कार्यक्रम सफल रहेको थियो ।

# 'काठमाण्डौ मल'को आम्दानी सवा पाँच करोड



भवन व्यवस्थापन इकाई सुन्धाराले चालू आषाढ मसान्तसम्म पाँच करोड २१ लाख रूपैयाँ आम्दानी गरेको छ । पछिल्लो ६ महिनामा इकाईले सुन्धारा भवनका भाडावालाहरूबाट भाडा बापत उक्त रकम असुल गरेको हो । यस अवधिमा विजुली महशुल तथा अन्य शुल्क बापत थप ६१ लाख ८३ हजार रूपैयाँ कोषको खातामा दाखिला भएको छ । गत पौष ११ मा साविकका भाडावाला शिवलक्ष्मी कोजुसँगको करार सम्झौता भंग भएपछि भवनको अन्तरिम व्यवस्थापन सो इकाई मार्फत हुँदै आएको छ ।

# रेडियो नेपालसँग सम्झौता नवीकरण

कर्मचारी सञ्चय कोष र रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालबीच सन्देश प्रसारण सम्बन्धी सम्झौताको समयावधी थप भएको छ । सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बीमा योजनाको सन्देश प्रशारण गर्न भएको सम्झौताको समयावधी २०७६ आषाढ मसान्तमा समाप्त भएकोमा २०७६ आश्विन मसान्तसम्मका लागि समय थप गरिएको हो ।

# अनलाईन दरखास्त लिने ब्यवस्थाको शुरुवात



कोषका रिक्त दरबन्दी पदपूर्तिको लागि हुने विज्ञापनमा अनलाईन प्रणाली मार्फत आवेदन दिन सकिने भएको छ । आर्थिक वर्ष २०७५/७६ देखि खुलातर्फको विज्ञापनमा अनलाईन प्रणाली मार्फत आवेदन दिन सक्ने व्यवस्था कार्यान्वयनमा ल्याईएको हो । मानव शंसाधन तथा आन्तरिक व्यवस्थापन विभागले कार्यान्वयनमा ल्याएको उक्त प्रणालीबाट आवेदन दिने उम्मेदवारहरुलाई कोषमा उपस्थित हुन नपर्ने एवं कोषको काम कारबाही समेत छिटो, छरितो, थप सरल, सहज र मितव्ययी हुने देखिएको छ ।

# खेलकुद समिति गठन

कोषको ५८ औं वार्षिक उत्सवको उपलक्ष्यमा आयोजना हुने खेलकुद कार्यक्रमहरू व्यवस्थित तथा मर्यादित रूपमा सञ्चालन गर्न मुख्य प्रबन्धक विजय कुमार श्रेष्ठको संयोजकत्वमा एक खेलकुद समिति गठन गरिएको छ । सो समितिमा तालिम तथा विकास शाखाका शाखा प्रमुख सदस्य सचिव, संयोजकले तोकेको दुईजना अधिकृत सदस्य तथा नेपाल वित्तीय संस्था कर्मचारी संघ र सञ्चयकोष कर्मचारी संगठनका एक/एक जना प्रतिनिधि सदस्य रहने व्यवस्था छ ।

# बढुवा सम्बन्धी विवरण



१. विज्ञापन नं. १-०७५/७६ तह १०, मुख्य प्रबन्धक (प्र.), पद संख्या ५ (पाँच) मा बढुवाको लागि सिफारिश भएका कर्मचारीहरू : मिति २०७६/०१/१३

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री रोचन श्रेष्ठ |
| २ | श्री राजाराम श्रेष्ठ |
| ३ | श्री विजय कुमार श्रेष्ठ |
| ४ | श्री ध्रुव भट्टराई |
| ५ | श्री ध्रुव प्रसाद अधिकारी |

२. विज्ञापन नं. २ -०७५/७६ तह ९, बरिष्ठ प्रबन्धक (प्र.), पद संख्या ६ (छ) मा बढुवाको लागि सिफारिश भएका कर्मचारीहरू : मिति : २०७६/०१/१५

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री महेश प्रसाद खनाल |
| २ | श्री रामकाजी केसी. |
| ३ | श्री दशरथ कुमार लामिछाने |
| ४ | श्री शान्ता गौतम |
| ५ | श्री महेन्द्र राज शाक्य |
| ६ | श्री सागर कुमार सिंह |

३. विज्ञापन नं. ३ -०७५/७६ तह ९, बरिष्ठ प्रबन्धक (सिभिल ईञ्जिनियर), पद संख्या १ मा बढुवाको लागि सिफारिश भएका कर्मचारी मिति : २०७६/०१/१५

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री पवन देउजा |

४. विज्ञापन नं. ४ -०७५/७६ तह ८, प्रबन्धक (प्र.), पद संख्या १० (दश) मा बढुवाको लागि सिफारिश भएका कर्मचारीहरू : मिति : २०७६/०१/१६

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री रवि तामाङ् |
| २ | श्री अर्जुन निरौला |
| ३ | श्री कृष्ण बहादुर जि.सी. |
| ४ | श्री हरिकृष्ण कार्की |
| ५ | श्री अर्जुन प्रसाद उपाध्याय |
| ६ | श्री ध्रुव प्रसाद पन्त |
| ७ | श्री रामशरण अर्याल |
| ८ | श्री रामचन्द्र पोखरेल |
| ९ | श्री कृष्ण प्रसाद शर्मा (क) |
| १० | श्री केशप कुमार बुढाथोकी |

५. विज्ञापन नं. ५ -०७५/७६ तह ८, प्रबन्धक (कानून), पद संख्या १ (एक) मा बढुवाको लागि सिफारिश भएका कर्मचारी : मिति : २०७६/०१/१६

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री डम्बर बहादुर खड्का |

६. विज्ञापन नं. ६ -०७५/७६ तह ८, प्रबन्धक (सिष्टम), पद संख्या २ (दुई) मा बढुवाको लागि सिफारिश भएका कर्मचारीहरू : मिति : २०७६/०१/१६

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री आदर्श भट्टराई |
| २ | श्री कुमारी कञ्चन साह |

७. विज्ञापन नं. ७ -०७५/७६ तह ८, प्रबन्धक (सिष्टम ईञ्जिनियर), पद संख्या १ (एक) मा बढुवाको लागि सिफारिश भएका कर्मचारी : मिति : २०७६/०१/१६

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री कृष्ण सुवेदी |

८. विज्ञापन नं. ८ -०७५/७६ तह ७, उप प्रबन्धक (प्र.), पद संख्या ११ (एघार) मा बढुवाको लागि सिफारिश भएका कर्मचारीहरू : मिति : २०७६/०१/१६

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री धर्म प्रसाद खनाल |
| २ | श्री निरञ्जन कुमार शर्मा |
| ३ | श्री शम्भू प्रसाद आचार्य |
| ४ | श्री चिरञ्जिवी पोखरेल |
| ५ | श्री त्रिविक्रम पाण्डे |
| ६ | श्री तारा काफ्ले |
| ७ | श्री जितेन्द्र श्रेष्ठ |
| ८ | श्री दिपक निरौला |
| ९ | श्री बद्रिराज खड्का |
| १० | श्री कृष्ण प्रसाद शर्मा (ख) |
| ११ | श्री गोविन्द राज थापा |

९. विज्ञापन नं. ९ -०७५/७६ तह ७, उप प्रबन्धक (कानून), पद संख्या १ (एक) मा बढुवाको लागि सिफारिश भएका कर्मचारी : मिति : २०७६/०१/१६

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री धर्मराज मैनाली |

१०. विज्ञापन नं. १० -०७५/७६ तह ६, सहायक प्रबन्धक (प्र.), पद संख्या १० (दश) मा बढुवाको लागि सिफारिश भएका कर्मचारीहरू मिति : २०७६/०१/१६

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री भगवान दाहाल |
| २ | श्री कृष्ण गिरी |
| ३ | श्री बिष्णु प्रसाद बर्तौला |
| ४ | श्री पारसमणि भण्डारी |
| ५ | श्री कमलेश कुमार यादव |
| ६ | श्री अतुल बास्कोटा |
| ७ | श्री देवानन्द बैजनाथ |
| ८ | श्री काशिनाथ खतिवडा |
| ९ | श्री अमृता अधिकारी |
| १० | श्री उत्तम घिमिरे |

११. विज्ञापन नं. ११ -०७५/७६ तह ६, सहायक प्रबन्धक (कम्प्युटर), पद संख्या १ (एक)मा बढुवाको लागि सिफारिश भएका कर्मचारी मिति : २०७६/०१/१६

| योग्यताक्रम | नामथर |
|---|---|
| १ | श्री रामनाथ डंगोल |

शाखा कार्यालय पोखरा

# कोषको सेवा अब विरौटा भवनबाट



पोखरा-९ नयाँबजारबाट सेवा प्रवाह गर्दै आएको सञ्चय कोषले असार १ गतेदेखि पोखरा- १७, विरौटास्थित भवनबाट सेवा प्रवाह शुरू गरेको छ ।

नयाँबजारमा रहेको कार्यालय भवन पुरानो भएकोले अत्याधुनिक सुविधा सहितको कार्यालय पोखरा- १७ विरौटास्थित आफ्नै भवनबाट सेवा प्रवाह गरिएको हो । कोषबाट सञ्चयकर्तालाई उपलब्ध गराइने सेवा सुविधाहरू स्थानीय स्तरमा नै सहज र सरल ढंगबाट उपलब्ध गराउदै जाने नीति अनुरूप वि.स. २०५३ सालमा पोखरामा स्थापना भएको उक्त शाखाले गण्डकी प्रदेशको गण्डकी र धौलागिरी अञ्चलमा रहेका १० जिल्लाहरूलाई समेटेको छ ।

# चरक मेमोरियल हस्पिटलसँग सम्झौता

पोखराको चरक मेमोरियल हस्पिटल प्रालि र कर्मचारी सञ्चय कोष बीच सम्झौता भएको छ । कर्मचारी सञ्चय कोषका सम्पूर्ण कर्मचारी तथा सञ्चयकर्तालाई अस्पतालमा लाग्ने उपचार खर्चमा विशेष छुट दिने सम्बन्धी सम्झौता भएको छ ।

सम्झौता अनुसार चरक मेमोरियल हस्पिटल पोखरामा उपचार गराउँदा कोषका कर्मचारी तथा सञ्चयकर्ताहरूले सम्पूर्ण प्रकारका उपचार शुल्कमा १० प्रतिशत र औषधी खरिदमा ५ प्रतिशत छुट प्राप्त गर्ने जनाइएको छ ।

शाखा कार्यालय बिराटनगर

# बिराटनगरमा आवास गृह निर्माण हुँदै



कोषको शाखा कार्यालय भएका सबै स्थानमा आफ्नै भवन बनाउने कोषको योजना अनुरूप शाखा कार्यालय विराटनगरमा गत आर्थिक वर्षमा कार्यालय भवन निमार्ण सम्पन्न गरिएको थियो । कार्यालयको सुरक्षालाई मध्यनजर गर्दै कार्यालय भवन परिसर भित्र कार्यालय प्रमुखको आवास गृहका अतिरिक्त अतिथी गृह र कम्पाउण्ड वालमा MS Fencing थप गर्ने कार्यक्रम अनुसार भवन निर्माण गर्नको लागि मिति २०७५/१०/१८ मा बो लपत्र आह्वान गरि सो मध्य कम रकममा निर्माण गर्ने गरी कवोल गर्ने निर्माण व्यवसायी UVEEC & BCKJS JV, नयाँ बानेश्वर, काठमाण्डौं र कर्मचारी सञ्चय कोष बिच मिति २०७६/०२/०२ गते खरिद सम्झौता गरिएको छ ।

सम्झौता अनुरूप मिति २०७६/०२/२१ गते देखि निर्माण कार्य प्रारम्भ भई सकेको छ भने उक्त निर्माण कार्यको निर्माण अवधि १२ महिना र लागत रकम मु.अ.क. सहित जम्मा एक करोड चौसट्ठी लाख पन्ध्र हजार दुई सय सत्चालिस रहेको छ ।

# सेवा सुविधाबारे अन्तरक्रिया सम्पन्न

शाखा कार्यालय हेटौडा



कर्मचारी सञ्चय कोष, हेटौडाको आयोजनामा कोषको सेवा सुविधा, समसामयिक विषय र फाँटवारीसम्बन्धी एक दिने अन्तर्क्रिया कार्यक्रम वीरगंजमा सम्पन्न भएको छ । त्रिजुद्ध माविको सभाहलमा सम्पन्न कार्यक्रममा कोषले प्रदान गरिरहेको सेवासुविधाहरूबारे अवगत गराइएको थियो । कार्यालय प्रमुख सागरकुमार सिंहको सभापतित्वमा सम्पन्न कार्यक्रममा सहायक प्रजिअ नेत्रबहादुर शर्मा, कोष नियन्त्रण लक्ष्मीप्रसाद पौडेल, शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्ण लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

शाखा कार्यालय जनकपुर

# विपन्न छात्रछात्रालाई सामग्री बितरण

शाखा कार्यालय जनकपुरले श्री नेपाल राष्ट्रिय जनजाती प्राथमिक बिद्यालय, बट्टेशवर जनकपुरका अति बिपन्न समुदायका छात्र छात्रालाई पाठ्यसामग्री, खेलकुद सामग्री, लाइब्रेरी संचालन/सुरुवात गर्न आवश्यक सामग्री, भौतिक सामग्री, प्राथमिक उपचार सामग्री तथा नेपालको राष्ट्रिय झण्डा प्रदान गरि सहयोग गरेको छ ।





# अभिमुखीकरण कार्यक्रम सञ्चालन

सेवा केन्द्र धनकुटा



कर्मचारी सञ्चय कोष, सेवा केन्द्र, धनकुटाबाट धनकुटा, संखुवासभा, तेह्रथुम र भोजपुरका सञ्चयकर्ता कार्यालयका लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीहरूसँग डिजिटल फाटवारी, कोषका गतिविधि लगायत कोषबाट प्रदान हुने सेवा-सुविधासम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरियो ।

२०७६ असार ४ गते धनकुटा, असार ९ गते संखुवासभा र असार १८ गते भोजपुरस्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयमा उक्त कार्यक्रम आयोजना गरीएका हुन् । उक्त कार्यक्रमहरूमा डिजिटल फाटवारीको निर्माण, व्यक्तिगत तथा कार्यालयका लागि ई-सर्भिसको प्रयोग, वेब अपलोड, वेब रि-युज, KSK smart services एपको प्रयोग, KYC Update, सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बीमा लगायत कोषबाट प्रदान गरिने कर्जा सापटी तथा सामाजिक सुरक्षण सुविधाहरूको बारे मा जानकारी प्रदान गरियो । सेवा केन्द्रले यहि असार ३० गते धनकुटास्थित विद्यालयका शिक्षकहरूसँग समेत अन्तर्क्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरेको थियो ।

# छलफल कार्यक्रम सम्पन्न

कोषको शाखा कार्यालय जनकपुरमा कार्यरत कर्मचारीहरूबीच कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन सम्वन्धमा छलफल कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा सबैले सबैको कार्य सम्पादनको मूल्यांकन गर्ने बिधिलाई विशेष जोड दिइएको थियो । उक्त कार्यक्रममा शाखा प्रमुख दर्शन भट्टराईले शाखामा कार्यरत कर्मचारीहरूमध्ये उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई सम्मान समेत गर्नु भएको थियो ।

सम्पादन तथा प्रकाशन : योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग

कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर, फोन नं. : ०१ ५०१०१८०, website : www.epfnepal.com.np, email: enewsletter@epfnepal.com.np

design/layout: raz.bikram@gmail.com